# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, साउन ६ गते २०६५ साल (संख्या १५


## भाग ५

### नेपाल सरकार

### भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा १२ को उपदफा १२.१.२ बमोजिम सुर्खेत जिल्लाको कटकुवा गाउँ विका[illegible]ति वडा नं. ३ को हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ ०६४ को [illegible] बाल उद्यान क्षेत्रमा रहेको तपसीलका विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधा-को व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविकका जग्गा धनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी "बाल उद्यान जग्गा एकीकरण (लायण्ड पुलिङ्ग) कार्यक्रम" सञ्चालन गर्ने योजना नेपाल सरकारबाट मिति २०६५।२।८ मा स्वीकृत भएकोले सोही ऐनको दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसील

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ स्थित कि. नं. ४७७,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८७२, ९०५, ९५३, ९७०, ९७१,१०१९, १०२५, ११२६, ११८७, १२०७, १४२०, १४२५, १४२९, २८५०, २८५१, २९८०, २९८१, ३१४८, ३१४९, ३८१५ ३८१६, ३९७० र ३९७१ कित्ताहरू ।

आज्ञाले,
उमाकान्त झा
नेपाल सरकारको सचिव

नेपाल सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नेपाल सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी सडक विभाग र अन्तर्गतका निकायहरुबाट निर्माण कार्य, मालसामान तथा परामर्श सेवाको खरीद कार्य गर्दा विद्युतीय सञ्चारको माध्यमबाट आ.व. ०६५।६६ देखि क्रमिक रुपमा विस्तार गर्ने गरी बोलपत्र आव्हानको सूचना जारी गर्ने, बोलपत्र पेश गर्ने र बोलपत्र खोल्ने व्यवस्था गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
पूर्णप्रसाद कडरिया
नेपाल सरकारको सचिव

## सर्वोच्च अदालतको सूचना

सम्माननीय प्रधान न्यायाधीश श्री केदारप्रसाद गिरी संयुक्त अधिराज्य बेलायत सरकारको निमन्त्रणामा मिति २०६५ आषाढ ७ गते शनिबारका दिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की अदालतमा हाजिर नभएसम्मको अवधिको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा (४) बमोजिम सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी कायम मुकायम प्रधान न्यायाधीश मुकरर हुनु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा. रामकृष्ण तिमल्सेना
रजिष्ट्रार



११६

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre को लागि The Fred Hollow Foundation बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २७,८४६.०० (सत्ताइस हजार आठ सय छयालीस) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल हृदयरोग निवारण प्रतिष्ठान, काठमाडौंको लागि Nepalhilfe Kulmbach e.v., Germany बाट उपहार स्वरुप प्रदान गरिने यूरो १०,०००.०० (दश हजार) मूल्य बराबरको Echo Machine आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी चितवन राष्ट्रिय निकुञ्जको लागि Elephant Care International, USA बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १,११९.२५ (एक हजार एक सय उन्नाइस, सेन्ट पच्चिस) मूल्य बराबरको Test Kite Elephant TBSTATPAK सामान आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर लगायत कर शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री ड्लु मुन विद्यालय, मित्रपार्कको लागि मित्रराष्ट्र





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ईरानबाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १००.००(एक सय) मूल्य बराबरको खेल सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुलगरी बाँकी भन्सार महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital को लागि Novartis Pharma AG. Switzerland बाट सहयोग स्वरूप प्रदान गरिने CHF ५,१५,२००.०० (पाँच लाख पन्ध्र हजार दुई सय) मूल्य बराबरको Glivec औषधिहरू आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने तथा China Government बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १७,९४८.७१ (सत्र हजार नौ सय अठ्चालिस, सेन्ट एकहत्तर) मूल्य बराबरको औषधि तथा चिकित्सा सामग्री आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुलगरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी लमजुङ्ग जिल्ला स्थित श्री शैलपुत्री उच्च माध्यमिक विद्यालय, धमिलीकुवाको लागि Berry Ring Farm Billingtion. Bank STAFFORD, England को Co-Ordinator र उनका साथीहरूबाट सहयोग स्वरुप प्रदान गरिने स्टर्लिङ पाउण्ड ११५४.८४ (एक हजार एक सय चौवन्न, सेन्ट चौरासी) मूल्य बराबरको Art Meterials आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निणय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, ६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बीर अस्पतालको लागि



११८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Nipro Asia Pvt, Ltd., Japan बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १०००.०० (एक हजार)मूल्य बराबरको Nipro Diaglosis Machine आयात गर्दा तथा जापानी ऐन १९,१७०००.०० (उन्नाइस लाख सत्र हजार) मूल्य बराबरको CT Scan Machine को पार्टस र जापानी ऐन ७,५०,०००.०० (सात लाख पचास हजार) मूल्य बराबरको Ultrasound Machine को पार्टस् खरीद गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११५

मुद्रण विभाग, सिंहदरबार

१२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।